# पत्रकारिता क्षेत्रमा कोभिड–१९ को प्रभाव

## सर्वेक्षणको प्रारम्भिक नतिजा

२०७७ असोज  ५ गते, सोमबार

सहकार्य

नेपाल पत्रकार महासंघ

Sharecast Initiative Nepal

# अध्ययन टोली

**अनुसन्धानकर्ता:**

मधु आचार्य • भूमिराज चापागाइं • रमेश प्रसाद अधिकारी • हिरण्य जोशी • संघर्ष पन्त

**सर्वेक्षणमा सुझाव**

गोविन्द आचार्य  अध्यक्ष, नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ केन्द्रिय समितिका सम्पूर्ण पदाधिकारी

**गणक**

रविन्द्र केसी

किसान शर्मा

नीता ज्ञवाली

प्रधुम्न रिमाल

शिवहरी घिमिरे

सविना बानिया

मिनेन्द्र सुवेदी

अमिसा मिस्र

कृष्ण रिजाल

रोजी केसी

अनमोल न्यौपाने

विमल पौडेल

पार्क आचार्य

रितु शर्मा

प्रज्वल घिमिरे

# सर्वेक्षण विधि र नमुना छनोटः

नेपाल पत्रकार महासंघले आफ्ना सबै शाखाहरुलाई सदस्यता नविकरण भएका सदस्यको सम्पर्क नम्बरसहित विस्तृत बिवरण पठाउन आग्रह गरेको थियो । यही आग्रहका आधारमा विस्तृत विवरणसहितको सम्पर्क नम्बर प्राप्त भएका ३५१० जना सदस्यहरुको सूची तयार गरिएको थियो । नमूना छनोटका लागि प्राप्त भएको यही सूची मध्ये कम्प्युटरबाट ''र्‍यान्डम स्याम्पलिङ' विधिबाट छनोटमा परेका २००८ जना पत्रकारहरुलाई शेयरकाष्टले टेलिफोनमार्फत् अन्तर्वार्ता गरेको थियो ।

यो सर्वेक्षणले सातै प्रदेशबाट ७१ जिल्लाका २७५ पालिकामा क्रियाशील पत्रकारलाई समेटेको छ । सर्वेक्षणमा सहभागी महासंघका सदस्यको जनसांख्यिक विवरण यसै प्रतिवेदनमा समेटिएको छ । यो सर्वेक्षणका लागि तथ्याक संकलन २०७७, श्रावण महिनाको पहिलो हप्ता पाँच दिनमा गरिएको हो । यसका लागि १५ जना गणकहरु तथा शेयरकाष्टबाट ५ जनाको अनुसन्धान टोली परिचालन गरिएको थियो । त्यसैगरी अनुसन्धानको प्रश्नपत्र तयारी तथा स्याम्पल संकलनमा नेपाल पत्रकार महासंघबाट अध्यक्ष गोविन्द आचार्यलगायत पदाधिकारी तथा कर्मचारीहरु संलग्न हुनुहुन्छ ।

सर्वेक्षण सुरु गर्नु अघि गणकलाई एक दिने अभिमूखिकरण तालिम तथा प्रश्नावलीहरुको पूर्वपरिक्षण गरिएको थियो । पूर्वपरिक्षणबाट प्राप्त सुझाबहरुका आधारमा अन्तिम प्रश्नावली तयार गरी महासंघका सदस्यहरुसँग टेलिफोनमार्फत् अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्ताका लागि छनोटमा परेका उत्तरदाताको मोवाइलमा सम्पर्क गर्दा उपलब्ध हुन नसकेका, स्वीच अफ भएका, नम्बर नमिलेका वा फोन नउठेका उत्तरदाताहरुलाई दश पटकसम्म प्रयास गरिएको छ । धेरै पटक प्रयास गर्दा समेत फोन नउठेका पत्रकारहरुको ठाउँमा सूचीमा उपलब्ध सोही जिल्लाकै अन्य पत्रकारसँग अन्तर्वार्ता गरिएको छ ।

गणकले गरेको अन्तर्वार्ताको गुणस्तर, प्रश्न सोधाईको शैली तथा प्रश्नप्रति गणकको बुझाईका बारेमा यकिन गर्न करिब २० प्रतिशत उत्तरदाताहरुलाई पुनः टेलिफोन गरी अन्तर्वार्ता अनुभवका वारेमा संक्षिप्त अन्तर्वार्ता समेत गरिएको थियो ।

# सर्वेक्षणका सीमाहरु

- यो सर्वेक्षणमा नेपाल पत्रकार महासंघबाट प्राप्त सदस्यहरुको सूचिबाट छनोटमा परेका पत्रकारहरुमात्र सहभागी भएका छन् । महासंघमा आवद्ध नभएका र डेटावेसमा अध्यावधिक नभएका पत्रकारहरुको विचार, धारणा तथा अनुभव सर्वेक्षणको नतिजाभन्दा भिन्दै हुन पनि सक्दछ ।

- टेलिफोन अन्तर्वार्ताका क्रममा उत्तरदाताले दिएको जवाफलाई अन्तिम जवाफकारुपमा सर्वेक्षणमा अभिलेख गरिएको छ । उत्तरदाताले दिएको जवाफको बैधता वा जवाफको प्रमाणिकरणका लागि यो सर्वेक्षणमा अतिरिक्त विधि प्रयोग गरिएको छैन ।

- यो सर्वेक्षण नेपाल पत्रकार महासंघका सदस्य रहेका श्रमजीवी पत्रकारहरु र पत्रकार/मिडिया सञ्चालकहरुमाझ मात्र गरिएको हो । नमुना सर्वेक्षणका लागि छनोट गरिएको संख्याले राष्ट्रिय मत या जनसांख्यिक वितरण जस्तैः लिंग, उमेर समूह, शैक्षिक योग्यता, जातजाति, बसोवास लगायतका भेरियबलहरुसँगको अनुपात र आम नागरिकको धारणा, अनुभव र विचारसँग प्राप्त नतिजा नमिल्न पनि सक्दछ ।

- यस सर्वेक्षणमा गुणात्मक अनुसन्धान विधि समावेस गरिएको छैन । कतिपय अवस्थामा नमुना सर्वेक्षणबाट प्राप्त नतिजाको पुनः परिक्षणका लागि गुणात्मक अनुसन्धान समेत आवश्यक पर्दछ ।


- कोरोना भाइरसले आम पत्रकारहरुलाई पारेको असरका सम्बन्धमा लकडाउनकै बीचमा सर्वेक्षण गरिएकाले सामान्य अवस्थामा सञ्चालित सर्वेक्षणबाट प्राप्त नतिजा र विशिष्ट समयमा गरिएको सर्वेक्षणको नतिजामा भिन्न तथ्यांक प्राप्त हुनसक्छ ।


# सहभागी पत्रकारको वर्गीकरण


यस सर्वेक्षणमा कुल २००८ पत्रकारको सहभागिता छ र यो संख्या नेपाल पत्रकार महासंघको कूल सदस्य संख्याको करिब १५ प्रतिशत हो । यसमा सातै प्रदेशका पत्रकारहरु सहभागी भएका छन् । प्रदेशहरुमा महासंघमा आवद्ध भई सदस्यता नवीकरण गरिसकेका सदस्य संख्याको आधारमासमेत उत्तरदाताको छनोट गरिएको छ । प्रदेशगत हिसाबमा हेर्दा सबैभन्दा बढी बाग्मती प्रदेशबाट ८३२ (४१.४० प्रतिशत) उत्तरदाता छन् भने सबैभन्दा कम, कर्णाली प्रदेशबाट ५२ जना (२.७ प्रतिशत) पत्रकारको सहभागिता छ । सहभागी उत्तरदातामध्ये १६३६ (८१.५ प्रतिशत) पुरुष तथा ३७२ (१८.५ प्रतिशत) महिला पत्रकार रहेका छन् । उमेरका आधारमा सहभागीमध्ये सबैभन्दा बढी ३५ देखि ४४ वर्षका ७१५ जना (३५.६ प्रतिशत) र  २५ देखि ३४ वर्षका ७१० जना (३५.४ प्रतिशत) पत्रकार छन् भने कम संख्यामा २५ वर्षमुनिका ८० जना (४ प्रतिशत) र ६० वर्ष वा सोभन्दा माथिका ८४ जना (४.२ प्रतिशत) उत्तरदाता रहेका छन् ।


उत्तरदाता मध्ये ३६३ जना (१९.४ प्रतिशत) कुनै न कुनै मिडियाको संचालकसमेत छन् ।

# उत्तरदाताको विवरण















# उत्तरदाताको विवरण


प्रदेश







# उत्तरदाताको विवरण



N=2008


# उत्तरदाताको विवरण



# उत्तरदाताको विवरण

नेपाल पत्रकार महासंघमा बर्तमान भूमिका (बहुउत्तर)

N=1877



# सर्वेक्षणको नतिजा

कोरोना महामारी र त्यसका कारण भएको लकडाउनले समग्र नेपाली पत्रकारिता तथा सञ्चार क्षेत्रमा नकरात्मक असर देखिन्छ । यसको  असर नेपाली पत्रकारिता क्षेत्रमा लामो समयसम्म रहने र सञ्चार क्षेत्रको स्वरुपमा समेत परिवर्तन आउन सक्ने सम्भावनातर्फ इंगित गरेको छ । विशेष गरी परम्परागत मिडियाको भविष्य के हुने भन्ने बारे अन्यौल देखिएको छ । महामारी तथा लकडाउनका कारण मिडिया क्षेत्रको आम्दानी घटेको र त्यसको प्रत्यक्ष असर श्रमजीवी पत्रकारहरुमा परेको देखिन्छ । यसका साथै कतिपय सञ्चारगृहले भने महामारीलाई बहाना बनाई सञ्चारमाध्यम बन्द गर्ने वा पत्रकारहरुलाई रोजगारीबाट निकाल्ने गरेको पनि पाइएको छ ।

७० प्रतिशतभन्दा बढी पत्रकारले कोरोना महामारी तथा लकडाउनका कारण समाचार संकलन र सम्प्रेषणमा असहजता महसुस गरेका छन् । अधिकांश पत्रकारहरुले यस अवधिमा समाचार संकलन र सम्प्रेषण गर्दा उपलब्ध स्वास्थ्य सुरक्षाका विधि अपनाएको भए पनि करिब दुई तिहाई पत्रकारले आफ्नो काम गर्दा असुरक्षित महसुस गरेका थिए । मास्क, स्यानिटाइजर जस्ता सामग्री उपलब्ध भए पनि अस्पताल तथा संक्रमित व्यक्तिहरु भएका स्थानमा रिपोर्टिङ गर्न जाँदा पिपिइको अभावका कारण आफूहरुले असुरक्षित महसुस गरेको बताए ।

कोरोना महामारी र लकडाउनका कारण पत्रकारहरुको पेशागत सुरक्षा र आम्दानीमा प्रत्यक्ष प्रभाव परेको छ । ४० प्रतिशत भन्दा बढी पत्रकारहरुको पेशा तथा आम्दानीमा महामारी र लकडाउनको प्रत्यक्ष असर परेको देखिन्छ । यस्तो असर परेका पत्रकारहरुमा पुरुषको दाँजोमा महिला पत्रकारको अनुपात बढी छ ।

यो अवधिमा करिब ४ प्रतिशत पत्रकारले आफ्नो जागिर गुमाउनु प¥यो भने ६ प्रतिशत जतिलाई कार्यरत सञ्चारमाध्यमले बेतलबी बिदामा पठाएका छन् । जागिर गुमाउन पुगेका र वेतलवी विदामा पठाइएका कारण हाल वेरोजगार बन्न पुगेका पत्रकारको संख्या करिव १० प्रतिशत रहेको देखिन्छ । यसैगरी करिब ९ प्रतिशत पत्रकारको यस अवधिमा तलब कटौती भएको छ भने २० प्रतिशत पत्रकारहरुले नियमित तलब पाउन सकेका छैनन् । एक तिहाई पत्रकारहरुले चार महिनादेखिको तलब पाएका छैनन् ।

कोरोना महामारी तथा लकडाउनले पारेको असरका कारण दुइतिहाई पत्रकारहरुलाई आफ्नो दैनिक घरखर्च चलाउनमा समस्या परेको छ । समस्यामा परेका पत्रकारहरु मध्ये ६१ प्रतिशतले बचतको उपयोग गरेको, ४५ प्रतिशतले घरखर्चमा कटौती गरेको, ३७ प्रतिशतले ऋण लिएर र १२ प्रतिशतले आफन्त तथा साथीभाइसँग सापटी लिएर घरखर्च चलाएको बताए ।

- पत्रकारहरुमा मात्र नभई सञ्चारगृहका संचालक पत्रकारलाई पनि कोरोना महामारी र लकडाउनको असर परेको छ । आम्दानीमा कमी आएका कारण नियमित पारिश्रमिक भुक्तानी गर्न नसक्ने सञ्चारगृहको संख्या करिब १४ प्रतिशत छ । ती मध्ये धेरैले लकडाउन लागू भएदेखि नै तलब भुक्तानी गर्न सकेका छैनन् ।


- यस अवधिमा मिडिया सञ्चालकहरुले आफ्नो कार्यालयको खर्च व्यवस्थापनका लागि विभिन्न उपाय अपनाएको देखियो, जसको प्रभाव पनि प्रत्यक्ष रुपमा पत्रकारहरुलाई परेको छ । ३ प्रतिशत भन्दा बढी सञ्चारगृहले खर्च व्यवस्थापनका लागि कर्मचारी कटौती गरेका छन् भने करिब ७ प्रतिशतले आफ्ना कर्मचारीको तलब कटौती गरेका छन् ।

- कोरोना महामारी र लकडाउनका कारण पत्रकारिता क्षेत्रको भविष्यमा पनि प्रभाव पर्न सक्ने देखिन्छ । ७.२ प्रतिशत पत्रकार तथा मिडिया सञ्चालक पत्रकार यस क्षेत्रको भविष्यप्रति निरास छन् भने झण्डै ४० प्रतिशत उत्तरदाता पत्रकारिताको भविष्य के हुने हो भन्नेमा अन्योलमा रहेको ठान्छन् ।

- करिब १० प्रतिशत पत्रकारहरु पेशा परिवर्तन गर्ने वा अन्य के गर्ने भन्ने विषयमा अन्यौलमा रहेको देखिन्छ । त्यस्तै २.५ प्रतिशत मिडिया सञ्चालकहरुले आफ्नो मिडिया बन्द गरिसकेको वा बन्द गर्ने सोचमा रहेका छन् । आधाभन्दा बढी पत्रकारहरु यस्तै अवस्था रहेसम्म अन्य कुनै पनि मिडियामा काम पाउन सम्भव नरहेको बिचार राख्छन् ।

## तपाई लकडाउनअघि कस्तो प्रकृतिको सञ्चारमाध्यममा कार्यरत हुनुहुन्थ्यो ?

N=1870



सर्वेक्षणमा सहभागी पत्रकारहरुमध्ये प्रायजसो एकभन्दा बढी मिडियामा काम गर्ने गरेको पाइएको छ । काठमाडौं उपत्यका बाहिरका जिल्लाहरुमा काम गर्ने पत्रकारहरुले स्थानीय सञ्चारमाध्यमका साथै काठमाण्डौंबाट प्रकाशित/प्रसारित हुने छापा, रेडियो, टेलिभिजन वा अनलाईन माध्यममा समेत काम गर्ने गरेका छन् । लकडाउनअघि कार्यरत संस्थाका आधारमा हेर्दा सहभागी पत्रकारहरु मध्ये ४८ प्रतिशत छापा माध्यममा र सबैभन्दा कम ०.४ प्रतिशत पत्रकार अन्तर्राष्ट्रिय सञ्चार माध्यममा कार्यरत छन् । उत्तरदाता मध्ये १.४ प्रतिशतले हाल कुनै पनि सञ्चार माध्यममा कार्यरत नरहेको बताएका छन् । यसैगरी ३५.२ प्रतिशत पत्रकारहरुले रेडियोमा, २८.६ प्रतिशत पत्रकार अनलाइन पोर्टलमा र १८.५ प्रतिशत पत्रकार टेलिभिजनमा कार्यरत भएको बताएका छन् ।


उमेरका आधारमा हेर्दा ६० वर्षमाथिका पत्रकारहरु (४३.७ प्रतिशत) स्थानीय छापा माध्यममा संलग्न भएको देखिएको छ । त्यसैगरी २५ वर्षभन्दा कम उमेरका धेरै पत्रकार (४७.४ प्रतिशत) स्थानीय सामुदायिक रेडियोमा कार्यरत रहेको पाइयो । महिला उत्तरदाता मध्ये सबैभन्दा बढी (२८.७ प्रतिशत) स्थानीय सामुदायिक रेडियोमा कार्यरत छन् भने पुरुषमध्ये सबैभन्दा बढी (२७.६ प्रतिशत) स्थानीय छापामाध्यममा कार्यरत छन् ।

पत्रकारिता पेशामा कोरोना महामारी र लकडाउनको प्रभाव अध्ययन गर्दा ३.९ प्रतिशत पत्रकारहरुले चैत २०७६ मा सुरु भएको लकडाउनपछि रोजगारी गुमाएको या कार्यरत संस्था छोड्नु परेको सर्वेक्षणले देखाएको छ । जसमध्ये धेरैलाई संस्थाले नै अवकाश दिएको र केहीले काम गर्ने वातावरण नभएका कारण संस्था छोडको बताउँछन् । यसरी संस्था छोड्नुपर्ने पत्रकारहरुमा संख्याका हिसाबले पुरुषहरु बढी भए तापनि अनुपातका हिसाबमा महिलाहरु बढी छन् । त्यसैगरी ६० वर्षमाथिका पत्रकारहरुको अनुपात सबैभन्दा बढी छ ।

सहभागी पत्रकारहरुका अनुसार कतिपय संस्थाले कर्मचारी कटौती गर्नुपर्ने बाध्यता परेको भन्दै उनीहरुलाई कुनै पनि सुविधाबिना अवकास दिएको बताएका छन् । केही संचार संस्थाले खर्च धान्न नसक्ने भन्दै अनुरोध गरेकाले पत्रकार आफैले राजीनामा दिएको बताए । कतिपय संस्थाले भने दिँदै आएको सुविधाहरु कटौती गर्ने र काममा आउन नसक्ने वातावरण सृजना गरी पत्रकारहरुलाई राजिनामा दिन बाध्य पारेको पनि पाइएको छ ।


## लकडाउनका बेला समग्र सूचना संकलन तथा सम्प्रेषण गर्ने कार्यमा कत्तिक सहज भयो ?

N=1841



कोरोना महामारीका कारण जारी गरिएको लकडाउनका कारण सो अवधिमा पत्रकारहरुलाई काम गर्न असहज भएको सर्वेक्षणका ७१.६ प्रतिशत सहभागीहरुले बताए । सर्वेक्षणले गाउँपालिकाको तुलनामा नगरपालिका, उप तथा महानगरपालिकामा काम गर्ने पत्रकारलाइ बढी असहज भएको पाइयो । यद्यपि गाउँपालिका क्षेत्रमा काम गर्ने पत्रकारको संख्या न्यून छ ।

सहभागीहरुका अनुसार लकडाउनका बेला समाचार संकलनका लागि यातायात र स्वास्थ्य सुरक्षा सम्बन्धी सामग्रीको अभाव मूख्य समस्या भएको बताए । आफू कार्यरत संस्थाले सामान्य अवस्थामा उपलब्ध गराउँदै आएको सवारी सुविधा समेत कटौती गरेकाले कार्यालयसम्म पुग्न समस्या भएको पनि केही पत्रकारले बताएका थिए ।



तपाईले काम गर्दा कोरोना भाइरसको संक्रमणबाट जोगिन के कस्ता स्वास्थ्य सतर्कता अपनाउनु भएको छ ? बहुउत्तर
N=1841
97.6%
95.1%
4.2%
72.4%
78.1%
6.5%
30.3%
15.9%
11.1%
0.1%
Wear mask regularly
Use sanitizer regularly
Wear PPE
Use Gloves
Wash hands regularly with soap and water
Stopped going outside for reporting
Stopped going to crowd and meetings for reporting
Work from home
Other
Can't say

आफ्नो पेशा र स्वास्थ्य दुवैलाई महत्व दिदै पत्रकारहरुले कोरोना महामारीको बेला सतर्कतासहित काम गरेको पाइयो । ९५ प्रतिशत भन्दा धेरै पत्रकारले मास्क र स्यानिटाइजरको प्रयोग गरेर काम गर्ने गरेको र केहीले पिपिई लगाएर समेत काम गर्ने गरेको पाइयो ।

लकडाउनको अवधिमा १५.९ प्रतिशत पत्रकारहरुलाई कार्यरत संचारगृहले घरबाटै काम गर्ने सुविधा उपलब्ध गराएका थिए । यस्तो सुविधा उपलब्ध भएपनि रिपोर्टिङका लागि घरबाट बाहिर निस्कनु जरुरी भएकाले पुर्ण रुपमा घरमै बसेर काम गर्न भने नसकेको धेरै पत्रकारहरुको अनुभव छ । घरमै बसेर काम गर्ने पत्रकारहरुमा छापा माध्यममा काम गर्ने र महिला पत्रकारको संख्या धेरै छ । त्यसैगरी यो सुविधा बसोबासका हिसाबले गाउँ तथा नगरपालिका भन्दा उपरमहानगरपालिकाहरुमा रहेर काम गर्ने पत्रकारिता गर्ने पत्रकारले (२० प्रतिशत) यो सुविधा उपयोग गरेको पाइयो ।

कोभिड-१९ महामारी सुरु भएयता पहिला र अहिलेको दाँजोमा तपाईले गर्ने कामको तौरतरिकामा परिवर्तन भएको छ कि छैन ? म केहि विकल्प पढेर सुनाउँछु । हो या होइन भन्नुहोला ।


N=1519



कोभिड–१९ महामारी तथा लकडाउनको प्रभाव पत्रकारिता पेशामा प्रत्यक्ष रुपमा परेको सर्वेक्षणले देखाएको छ । सर्वेक्षणमा सहभागी पत्रकारमध्ये ५.९ प्रतिशतलाई कार्यरत सञ्चारगृहले बेतलबी बिदामा बस्न भनेको, ८.६ प्रतिशत पत्रकारको पारिश्रमिकमा कटौती भएको, ७.४ प्रतिशतको कार्यसमय र तलब दुवै घटेको पाइयो । यसैगरी कुल सहभागी पत्रकारमध्ये १९.७ प्रतिशतले नियमित रुपमा पारिश्रमिक पाएका छैनन् ।


कोरोना महामारी र लकडाउनका कारण बेतलबी बिदामा राखिएका र नियमित तलब नपाएका पत्रकारहरुको अनुपात प्रदेश नं २ मा सबै भन्दा धेरै छ । यहाँ करिब १३ प्रतिशत पत्रकार बेतलबी बिदामा रहेको र ३०.२ प्रतिशत पत्रकारहरुले नियमित तलब नपाएको अध्ययनले देखाएको छ । त्यसैगरी देशभर बेतलवी बिदामा रहेका पत्रकारहरुमध्ये महिलाहरुको अनुपात पुरुषको दाँजोमा दुई गुणाभन्दा बढी छ । बिदामा बस्न भनिएका सबै महिला पत्रकारहरुलाई बेतलबी बिदा दिइएको छ । त्यसैगरी तलब कटौती गरिएका पत्रकारहरुमा पनि पुरुषभन्दा महिलाको अनुपात करिब ५० प्रतिशत बढी थियो ।

## तपाई कार्यरत सञ्चारगृहले कति समयदेखि पारिश्रमिक दिन बाँकी छ ?



२०७७ साउनमा सर्वेक्षणका लागि तथ्यांक संकलन गर्दा नियमित रुपमा तलब नपाउने पत्रकारमध्ये ४ प्रतिशतले जेठ महिना देखिको, २०.७ प्रतिशतले वैशाख महिना देखिको र अर्को २०.७ प्रतिशतले चैत महिनादेखि तलब पाउन बाँकी छ । फाल्गुणदेखि तलब नपाउने पत्रकारको संख्या ३३.८ प्रतिशत छ । सरकारले चैत्र महिनाको सुरुमा नै लकडाउनको घोषणा गरेको र  फागुन महिनादेखि नै विभिन्न क्षेत्रमा कोरोना महामारीको प्रभाव देखिइसकेकाले फाल्गुण महिनाको तलबमा पनि प्रभाव परेको देखिन्छ ।

लकडाउन र कोरोनाको प्रभाव सुरु हुनु अगावै देखि तलब पाउन बाँकी रहेका पत्रकारको संख्या १८.२ प्रतिशत छ । यसरी हेर्दा पत्रकारले नियमितरुपमा मासिक तलब नपाउने समस्या नेपाली पत्रकारिता क्षेत्रमा पहिलेदेखि नै रहेको र कोरोना महामारीले यो समस्यालाई उल्लेख्य रुपमा बढाउन सघाएको सर्वेक्षणको नतिजाले देखाउँछ ।


स्वास्थ्यका दृष्टिले तपाई कार्यरत सञ्चारगृहमा काम गर्न कत्तिको सुरक्षित महसुस गरिरहनु भएको छ ?
N=1519
31.1%
67.3%
1.5%
Feel safe to work
Feel unsafe to work
Don't want to say

कोभिड–१९ महामारीका बेला दुई तिहाईभन्दा बढी पत्रकारहरुले काम गर्न असुरक्षित महसुस गरेको पाइयो । कोरोनाको बढ्दो संक्रमण र जोखिमबाट आफू पनि उच्च जोखिममा रहँदारहँदै पनि अधिकांश पत्रकारले निरन्तर समाचार संप्रेषण गरिरहेको पाइयो । साथै लकडाउन भए पनि सञ्चारमाध्यम चलिरहेको र आफू लगायत अन्य सहकर्मी पनि काममा खटिएकाले उनीहरुबाटै संक्रमित भइने त होइन भन्ने जोखिम र त्रास पत्रकारमा रहेको पाइयो ।


आफूबाट आफ्नो परिवारलाई संक्रमणको जोखिम हुनसक्छ भन्ने डरले कतिपय पत्रकार यस अवधिमा कार्यालयमै बसेर काम गरेको पनि पाइयो ।

## तपाईको सञ्चारगृहमा काम गर्ने सञ्चारकर्मीहरुको पारिश्रमिक भुक्तानी गर्न बाँकी छ ?

N=363

| | |
|---|---|
| ८५.७% | छैन । |
| १३.५% | बाँकी छ । |

तपाईको सञ्चारगृहमा कार्यरत कर्मचारीहरुको कति समयदेखिको पारिश्रमिक भुक्तानी गर्न बाँकी छ ?



तपाईको सञ्चारगृहमा काम गर्ने सञ्चारकर्मीहरुको पारिश्रमिक भुक्तानी गर्न बाँकी छ ?


सर्वेक्षणमा सहभागी कुल ३६३ मिडिया सञ्चालकसमेत रहेका पत्रकारमध्ये १३.५ प्रतिशतले आफ्नो सञ्चार माध्यममा कार्यरत पत्रकारलाई पारिश्रमिक भुक्तानी गर्न बाँकी रहेको बताए । उनीहरुमध्ये लगभग सबैले लकडाउनका कारण सञ्चारमाध्यमको आम्दानीमा कमी आएकाले नियमित पारिश्रमिक भुक्तानी गर्न नसकेको बताए । उद्योग तथा व्यवासायहरु बन्द भएका कारण विज्ञापनमा कटौती भएर र त्यसको प्रत्यक्ष असर सञ्चारमाध्यमको आम्दानीमा परेकाले नियमित पारिश्रमिक भूक्तानी गर्न नसकेको संचालकको भनाइ छ ।

अन्य प्रदेशको दाँजोमा प्रदेश ५ का धेरै (२२.७ प्रतिशत) संचालकले पत्रकारको तलब भुक्तानी गर्न बाँकी रहेको स्वीकारेका छन् ।

२०७७ साउनमा सर्वेक्षणका लागि तथ्यांक संकलन गर्दा नियमित रुपमा तलब भुक्तानी गर्न बाँकी रहेका सञ्चारगृहमध्ये १०.२ प्रतिशतले जेठ महिनाको, ४४.९ प्रतिशतले वैशाखदेखिको र २४.५ प्रतिशत संचारगृहका संचालकले चैत महिनादेखि तलब भुक्तानी गर्न बाँकी रहेको बताए । फागुन महिनादेखिको तलब भुक्तानी गर्न बाँकी रहेका संचारगृह १४.३ प्रतिशत र लकडाउन अघिदेखिकै पारिश्रमिक भुक्तानी गर्न बाँकी छ भन्ने संचारगृहका संचालक पत्रकार करिब ६ प्रतिशत छन् ।


## आजभोली तपाईलाइ घरखर्चको व्यवस्थापन गर्न कत्तिको असहज भएको छ ?

N=1870



लकडाउनका बेला तपाई र तपाईंको पारिवारिकले खर्चको व्यवस्थापन कसरी गर्नुभयो ? बहुउत्तर


N=1870



कोरोना भाइरसको संक्रमण र लकडाउनका कारण करिब दुई तिहाई पत्रकारहरुलाई आफ्नो दैनिक घरायसी खर्च चलाउन असहज भएको अध्ययनले देखाएको छ । विशेष गरी जिल्ला सदरमुकाम तथा शहरी क्षेत्रमा डेरा गरी पत्रकारिता गर्नेहरुले घरखर्च चलाउन र केटाकेटीको विद्यालय शुल्क तिर्न निकै असहज भएको बताए । जागिरबाट निकालिनु, बेतलबी बिदामा राखिनु, पारिश्रमिक कटौती हुनु र नियमित पारिश्रमिक नपाउनु नेपालमा क्रियाशील पत्रकारका मूख्य समस्या रहेको पाइयो ।अन्य प्रदेशको दाँजोमा सुदूरपश्चिम प्रदेशमा कृयाशील धेरै पत्रकारहरुले (८४.२ प्रतिशत) घरखर्च ब्यवस्थापनमा कठिन भएको बताए ।

करिब दुई तिहाई पत्रकारले लकडाउन अवधिमा घरखर्च चलाउन पुरानो संचित बचतको रकम उपयोग गरेको पाइयो । त्यसैगरी ४५ प्रतिशत पत्रकारहरुले घरखर्चमा कटौती गरेको, ३७.२ प्रतिशत पत्रकारले ऋण लिएको र करिब १२.१ प्रतिशत पत्रकारले आफन्त तथा साथीभाइसँग सापटी लिएर घरखर्च चलाएको पाइयो ।

सापटी लिएर घरखर्च चलाउनेमा महिलाभन्दा पुरुष पत्रकारहरुको अनुपात धेरै छ भने वचत उपयोग गर्नेमा पुरुष पत्रकार भन्दा महिलाको अनुपात धेरै छ । सञ्चारमाध्यमबाट समयमा तलब नआउनाले र परिवारका अन्य सदस्यको पनि लकडाउनको कारणले रोजगारी गुमेकाले खर्च व्यवस्थापनलाई अन्य स्रोतसाधनको उपयोग गर्नुपरेको अनुभव पत्रकारहरुको छ ।



पत्रकारिता पेशालाई निरन्तरता दिने या नदिने विषयमा सोच्दै हुनुहुन्छ ?
N=1685
87.4%
4.2%
0.5%
1.2%
5.5%
1.2%
0.1%
I will continue my journalism career
Thinking to change my profession
Thinking to change media house
Planning to start my own media house
Haven't thought anything about it
other
Can't say

कोभिड–१९ महामारीले समग्र पत्रकारिता क्षेत्रलाई नै प्रभाव पारेको छ । सर्वेक्षणमा सहभागी पत्रकारहरुलाई पेशालाई निरन्तरता दिने या नदिने भन्ने सवालमा सोधिएको प्रश्नको जवाफमा ४.१ प्रतिशत पत्रकार पेशा परिवर्तन गर्ने सोचमा पुगेको बताए । त्यसैगरी ५.५ प्रतिशत पत्रकारले अहिले नै के गर्ने नगर्ने भन्ने बारेमा निक्यौल गरी नसकेको र केही समय पर्खिएर हेर्ने बताएका थिए । नियमित पारिश्रमिक नपाउनु, न्यून आम्दानी हुनु, भौतिक तथा मानसिक सुरक्षा नहुनु जस्ता कारणले पेशा परिवर्तन गर्ने सोचमा पुगेको अध्ययनले देखिन्छ । केही पत्रकारले भने आफूले पेशा परिवर्तन नगर्ने तर संचारगृह परिवर्तन गर्ने सोच भएको बताए ।

अरु प्रदेशको दाँजोमा प्रदेश नं १ का पत्रकारहरुमाझ पेशा परिवर्तन गर्ने सोच बढी भएको पाइयो । त्यसैगरी पेशा परिवर्तन गर्ने सोच बनाएका पत्रकारहरुमा २५ वर्ष मुनिका पत्रकारहरु धेरै देखिएका छन् भने ६० वर्षमाथिका पत्रकारहरुमध्ये कसैले पनि पेशा परिवर्तन गर्ने सोच बनाएको देखिदैन ।

अहिले तपाईले सञ्चालन गरिरहनु भएको सञ्चारमाध्यम आगामी दिनमा सञ्चालन गर्ने कि नगर्ने भन्ने बारेमा के सोच्दै हुनुहुन्छ ?

N=363




कोरोना महामारी र लकडाउनका कारण बन्द भइसकेका या  बन्द गर्ने सोंच बनाएका संचालक पत्रकारको संख्या २.५ प्रतिशत छ । संख्याको हिसाबले बन्द भएका या बन्द गर्ने सोंच भएका संचालकको संख्या न्यून भए तापनि यो आफैमा सुखद समाचार हैन  ।

विशेष गरी काठमाडौं बाहिर स्थानीयस्तरमा स्वरोजगारमूलक मिडियाहरु बन्द भएको सर्वेक्षणमा पाइयो । प्रदेश ५ का सञ्चालक पत्रकारहमध्ये २.३ प्रतिशतले लकडाउनपछि आफ्नो सञ्चारगृह बन्द गरिसकेको बताए । त्यसैगरी सोही प्रदेशमा ४.४ प्रतिशत मिडिया सञ्चालक पत्रकार आफ्नो सञ्चारगृह बन्द गर्ने सोचमा पुगेको सर्वेक्षणका क्रममा पाइयो ।

## अहिलेको अवस्थामा अन्य सञ्चारगृहमा काम पाउने सम्भावना कतिको छ ?


N=1519



सर्वेक्षणमा सहभागी अधिकांश पत्रकारहरुले आफूले मिडिया परिवर्तन गर्न चाहे पनि अहिलेको अवस्थामा अन्य मिडियामा काम पाउन सक्ने सम्भावना नरहेको धारणा राखे । अरु प्रदेशको दाँजोमा प्रदेश नं १ मा क्रियाशील करिब दुई तिहाईभन्दा बढी पत्रकारहरुले अहिलेको अवस्थामा अन्य संचारगृहमा कामको अवसर नरहेको बताए । यद्यपि  कर्णाली प्रदेशका ३० प्रतिशत पत्रकारले अन्य संचारगृहमा समेत कामको अवसर रहेको बताएका छन् ।

## लकडाउन भएयता तपाईको कार्यालयको खर्च व्यवस्थापन कसरी गरिरहनु भएको छ ? बहुउत्तर


N=363



सर्वेक्षणमा सहभागी सबैजसो मिडिया सञ्चालक पत्रकारले लकडाउन भएयता कार्यालयको खर्च व्यवस्थापनमा असहज भएको बताए । कार्यालयको खर्च व्यवस्थापनका लागि ३.३ प्रतिशत मिडिया सञ्चालक पत्रकारले संचारकर्मी तथा कर्मचारी कटौती गरेको र ६.९ प्रतिशतले पत्रकार तथा कर्मचारीको तलब घटाएको बताए । यसका अलावा खर्च व्यवस्थापनका लागि मिडिया सञ्चालकले प्रकाशन वा प्रसारण बन्द गरेको, रेडियो र टेलिभिजन कार्यक्रमको संख्यामा कटौती गरेको वा प्रसारण समय घटाएको र आफ्नो पत्रिकाको पाना संख्या घटाएर प्रकाशन गरिरहेको बताए ।  खर्च व्यवस्थापनका लागि यस अवधिमा आधाभन्दा बढी सञ्चारगृहले ऋण लिनुपरेको र त्यति नै संख्याका संचारगृह संचालकले संचारगृह संचालनका लागि संचित रकम उपयोग गरेको बताए । यसरी लकडाउनका कारण पत्रकारहरुले रोजगारी गुमाउनु परेको वा नियमित तलब नपाएको कुराको पुष्टि स्वयं मिडिया संचालक पत्रकारहरुले गरेका छन् ।

## समग्ररुपमा हेर्दा तपाई नेपाली पत्रकारिताको भविष्यप्रति कत्तिको आशावादी हुनुहुन्छ ?

N=1870



कोरोना भाइरस र लकडाउनको असरका कारण ३६.८ प्रतिशत पत्रकार र मिडिया सञ्चालक पत्रकार समग्र नेपाली पत्रकारिताको भविष्यबारे अन्योलमा रहेको पाइयो । यस्तै ७.२ प्रतिशत उत्तरदाता समग्र पत्रकारिताको भविष्यप्रति निरास भएको पाइयो । सर्वेक्षणमा सहभागी मिडिया सञ्चालक र पत्रकारहरुका अनुसार कोरोनाले पत्रकारिता लगायत धेरै क्षेत्रमा असर पारेको छ । जसले गर्दा उनीहरुले मिडियालाई दिने विज्ञापन कटौती भएको र मिडिया क्षेत्रमा आर्थिक संकट आइसकेको बताए ।

प्रविधिको विकास र पहुँच बढेसँगै मिडियाको स्वरुपमा पनि परिवर्तन आउन सक्ने र यसको सबैभन्दा ठूलो प्रभाव छापा माध्यममा पर्न सक्ने अनुमान केही उत्तरदाताको रहेको छ ।